# अर्जुनचौपारी गाउँपालिका
Arjunchaupari Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive

अर्जुनचौपारी, स्याङ्जा
Arjunchaupari, Syangja

गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal

प.सं.(Reference No): ०८०।८१
च.नं.(Dispatch No):-

मितिः२०८०।११।१६

## प्रेस विज्ञप्ती

आज मिति २०८०।११।१६ यस अर्जुनचौपारी गाउँपालिकाको २७ औं कार्यपालिकाको बैठकवाट निर्णय भएका मुख्य मुख्य निर्णयहरु तपशिल बमोजिम रहेको अर्जुनचौपारी गाउँपालिकावासी सर्वसाधारणको जानकारीको लागि यो विज्ञप्ती प्रकाशित गरिएको छ।

**निर्णय नं. १:** अर्जुनचौपारी गाउँपालिका भित्र विद्यार्थी संख्या कम भएका विद्यालयहरुलाई अर्को विद्यालयमा मर्ज गर्नका लागि अर्जुनचौपारी गाउँपालिकाले निर्माण गरेको विद्यालय मर्ज तथा दरबन्दी मिलान सम्बन्धि कार्यविधि, २०८० स्वीकृत गरी कार्यान्वयनमा ल्याउने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. २:** अर्जुनचौपारी गाउँपालिकालाई पोषणमैत्री स्थानीय तह घोषणा गर्नका लागि आवश्यक अधिकांश सूचक पुरा भएका र पुरा हुन बाँकी सूचकहरु पनि यथासिघ्र पुरा गरी पोषणमैत्री स्थानीय तह घोषणा गर्न आवश्यक व्यवस्था मिलाउने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ३:** अर्जुनचौपारी गाउँपालिकालाई वालमैत्री स्थानीयतह घोषणा गर्नका लागि आवश्यक अधिकाशं सूचक पूरा भएका र पुरा हुन बाँकी सूचकहरु पनि यथासिघ्र पुरा गरी वालमैत्री स्थानीयतह घोषणा गर्न आवश्यक व्यवस्था मिलाउने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ५:** प्रस्ताव नं. ५ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकालाई वातावरणमैत्री स्थानीयतह घोषणा गर्नका लागि आवश्यक अधिकाशं सूचक पूरा भएका र पुरा हुन बाँकी सूचकहरु पनि यथासिघ्र पुरा गरी वातावरणमैत्री स्थानीयतह घोषणा गर्न आवश्यक व्यवस्था मिलाउने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ६:** अर्जुनचौपारी गाउँपालिको शैक्षिक कार्यदल सञ्चालन गर्न शैक्षिक कार्यदल सञ्चालन कार्यविधि, २०८० स्वीकृत गरी कार्यान्वयनमा ल्याउने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ७:** अर्जुनचौपारी गाउँपालिकामा २ जना अ.हे.व. कर्मचारी रिक्त रहेको साथै प्रदेश लोक सेवा आयोगमा कर्मचारी माग गरिएकोमा तहाँबाट कर्मचारी पदपूर्ति नहुने बेला सम्म रिक्त दरबन्दीमा अर्जुनचौपारी गाउँपालिकाको मिति २०८०/०६/१९ गते प्रकाशित सूचना तथा मिति २०८०/०७/२३ गते लिईएको लिखित तथा अन्तर्वाता परिक्षाको योग्यताक्रमको सूचिवाट वरियताका आधारमा पदपूर्ति गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ८:** चालु आर्थिक वर्ष २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार विपन्न तथा दलित उत्थान कार्यक्रम शिर्षकमा विनियोजित भएको बजेट अर्जुनचौपारी गाउँपालिकामा दर्ता भएको संस्था दलित उत्थान केन्द्र मार्फत गर्ने सर्वसम्मत निर्णय गरियो।

धन बहादुर गुरुङ्ग

धन बहादुर गुरुङ
प्रवक्ता

*"साझा प्रतिवद्धता साझा जिम्मेवारी हामी सबैको सपना समुन्नत अर्जुनचौपारी"*

9856053133 arjunchauparimun.gov.np arjunchaupari11@gmail.com

CamScanner